आज मिति २०७९ साल जेष्ठ २४ गतेका दिन मधुवन नगरपालिकाका नगर प्रमुख श्री तेजबहादुर भाटको अध्यक्षतामा सर्वदलीय बैठक बस्यो । उक्त बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेका छन ।

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तेजबहादुर भाट | नगर प्रमुख | |
| २ | अनिता चौधरी | नगर उप-प्रमुख | |
| ३ | नोखिराम ओली | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | गणेश बहादुर क्षेत्री | निवर्तमान नगर प्रमुख | |
| ५ | जग्गा प्रसाद पाण्डे | ने.का. प्रतिनिधि | |
| ६ | डम्बर के.सी. | ने.का. प्रतिनिधि | |
| ७ | प्रेम बहादुर गुरुङ | ने.का. प्रतिनिधि | |
| ८ | यमराज कोइराला | ने.का. प्रतिनिधि | |
| ९ | हरिहर चौधरी | माओवादी केन्द्र प्रतिनिधि | |
| १० | लक्ष्मीप्रसाद शर्मा | माओवादी केन्द्र प्रतिनिधि | |
| ११ | सुरेश ~~सन्त~~ पन्थी | माओवादी केन्द्र प्रतिनिधि | |
| १२ | मेवालाल गौतम | माओवादी केन्द्र प्रतिनिधि | |
| १३ | दुर्गाबहादुर ओली | ने.क.पा. एमाले प्रतिनिधि | |
| १४ | धर्मराज थापा | ने.क.पा. एमाले प्रतिनिधि | |
| १५ | लोकमणि आत्रेय | ने.क.पा.( एकीकृत समाजवादी) प्रतिनिधि | |
| १६ | दुर्गा रिमाल | ने.क.पा. (एकीकृत समाजवादी) प्रतिनिधि | |
| १७ | भुमिदत्त तिमिल्सेना | रा.प्र.पा. प्रतिनिधि | |
| १८ | लोक बहादुर श्रेष्ठ | रा.प्र.पा. प्रतिनिधि | |
| १९ | ठाकुर प्रसाद डाँगी | रा.प्र.पा. प्रतिनिधि | |
| २० | राम कुमार ~~[illegible]~~ चौधरी | ज.स.पा. प्रतिनिधि | |
| २१ | खिमराज पोखेल | लेखा अधिकृत | |
| २२ | मिन बहादुर थापा | वडाध्यक्ष वडा नं १ | |
| २३ | आशाराम चौधरी | वडाध्यक्ष वडा नं २ | |
| २४ | नारायण मल्ल | वडाध्यक्ष वडा नं ३ | |
| २५ | बलिराम चौधरी | वडाध्यक्ष वडा नं ४ | |
| २६ | दिलिप गुरुङ | वडाध्यक्ष वडा नं ५ | |

| | | | |
|---|---|---|---|
| २७ | चन्द्र सिंह गुरुङ | वडाध्यक्ष वडा नं ६ | |
| २८ | राजेन्द्र हमाल | वडाध्यक्ष वडा नं ७ | |
| २९ | मेक वहदुर गुरुङ | वडाध्यक्ष वडा नं ८ | |
| ३० | हर्क वहादुर वस्नेत | वडाध्यक्ष वडा नं ९ | |
| ३१ | शितल थापा | पत्रकार | |

३२

विशेष उपस्थिती :

माननीय सन्तकुमार थारु संघीय सांसद

## घटनाको पृष्ठभूमि :-

- २०७९ साल जेस्ठ २३ गते विहान करिव ८:०० वजेतिर आफ्नै खेतवारीमा काम गरिरहेको समयमा वाघले आक्रमण गरी मधुवन नगरपलिका वडा नं २ निवासी करिव ४१ वर्षिय अस्मिता थारु घाइते भई नेपालगंज मेडिकल कलेजमा उपचार भइरहेको र घाईते तथा घाइतेको उपचारको अवस्थाको वारेमा २३ गते नै नगर प्रमुख र उप-प्रमुखबाट अस्पतालमै पुगी जानकारी लिई सरकारले उपचारको खर्च व्यहोर्ने जानकारी गराउनुका साथै उपचारमा विशेष ध्यान दिन अस्पताललाई अनुरोध गर्नुभएको थियो ।
- मधुवन नगरपालिकामा पटक-पटक यस अघि पनि वाघको आक्रमणवाट मानवीय क्षति हुन गएपछि पुनः जेस्ठ २३ गते भएको वाघको आक्रमणबाट स्थानीय वासीले आफ्ना माग राखी (गुलरिया – राजापुर सडक खण्ड) को स्थानीय ओराली बजारमा अवरोध भएकोमा प्रहरी र स्थानीय वीच असामान्य अवस्था सिर्जना भई भिड नियन्त्रण गर्न प्रहरीबाट अश्रुग्यास ,हवाई फायर गोलि समेत प्रहार भएपछी २२ वर्षिय नविना चौधरीको घटना स्थलमा मृत्यु भएको २२ वर्षिय राकेश कुमार चौधरी गम्भीर घाइते हुनु भएको छ ।

## निर्णयहरु :-

नसोचेको ,अप्रत्यासित वाघको आक्रमणको घटनाले हामीलाई चिन्तित वनाएको त थियो नै त्यसपछिको प्रहरी र स्थानीय विच भएको वल प्रयोगबाट संयमता अपनाउन नसक्दा मानवीय क्षति हुनु प्रहरी प्रशासनको गम्भीर लापरवाही हुन गएको महसुस भएको छ । यस अवस्थामा आजको वैठक वाट निम्नानुसार निर्णय गरियो ।

१. आफ्नै खेतवारीमा काम गर्दा गर्दै वाघको आक्रममा परि घाईते हुनु भएकी मधुवन नगरपलिका वडा नं -२ सोनाह निवासी ४१ वर्षिय अस्मिता थारुलाई उपचारको क्रममा लाग्ने सबै खर्च सरकारले ब्यहोरि दिन नेपाल सरकारलाई अनुरोध गर्ने र यस क्रममा सक्दो सहयोग स्थानीय सरकारले पनि गर्ने ।

२. बाघ नियन्त्रण गर्ने मधुवन क्षेत्रमा वाघको हिडडुलको अवस्था निगरानी गर्ने , मानब वन्यजन्तु द्वन्द व्यवस्थापनका सबै उपाय अपनाई मानव बसोबास क्षेत्रलाई सुरक्षित गर्ने जस्ता दिगो व्यवस्थापनको स्थायी समाधान गर्न , नेपाल सरकार ,प्रदेश सरकार ,डिभिजन वन कार्यालय , निकुन्ज कार्यालयलाई ध्यानाकर्षण सहितको अनुरोध गर्ने ।

३. २०७९ साल जेष्ठ २३ गते विहान ८ वजे वाघको आक्रमणपछि स्थानीय वासीले गुलरिया राजापुर खण्डको स्थानीय ओरालीबजार बन्द गरेपछि स्थानीय र प्रहरी विच तनावपूर्ण स्थिति सिर्जना भई प्रहरीको गोलीवाट स्थानीय मधुवन न पा -२ सोनाह निवासी स्थानीय श्री ने.रा. मा.वि. ढोढरीका विद्यार्थी नविना चौधरीको घटनास्थलमा मृत्यु भएको हुँदा मृतकको परिवारलाई यथासिघ्र उचित क्षतिपूर्ति उपलब्ध गराइदिन नेपाल सरकार गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

४. उल्लेखित अवस्थामा प्रहरीको गोलीबाट १ जना घाइते र १ जनाको मृत्यु समेत भैसकेको हुँदा उल्लेखित अवस्थाको सम्पूर्ण घटनाको निस्पक्ष एवं सत्य तथ्य छानबिन गरि दोषी उपर कारवाही गर्नुपर्ने देखिन्छ ।साथै उक्त अवारोधको बिचमा नगर प्रमुख तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिको आग्रह र अनुरोध गर्दा गर्दै पनि आग्रहको बेवास्ता गरि अन्धाधुन्ध गोलि चलाउन आदेश दिने र चलाउन लगाउने सरोकार वाला पक्षलाई कारवाहीको माग गर्दै नेपाल सरकारलाई छानबिन समिति गठन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

५. शान्तिपूर्ण माग राख्दा राख्दै प्रहरी र स्थानीय बिच तनावपूर्ण स्थिति सिर्जना भई मानवीय क्षति हुन गएको घटनाले हामि सबैलाई दुखि बनाएको छ । विगतमा पटक-पटक नगर स्तरीय सर्वदलीय सर्वपक्षीय बैठक बसी गरेका निर्णयको कार्यन्वयन नभएको सन्दर्भमा यसको कार्यान्वयन गर्न  सम्बन्धित सबै पक्षलाइ अनुरोध गर्दछौं ।

६. बाघको आक्रमणमा परी नेपालगंजमा उपचार गराई रहनु भएका अस्मिता थारुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं प्रहरीको गोलि लागि घाइते हुनु भएका सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं साथै प्रहरीको गोलीबाट मृत्यु हुनु भएकी नबिना चौधरीप्रति हार्दिक श्रदान्जली, मृतआत्माको चिर शान्तिको कामना गर्दै परिवार जनमा समवेदना प्रकट गर्दछौं ।

